**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०१ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज किर्गिस्तानको राजधानी बिश्केकमा आयोजना हुने २६औँ सांघाई सहयोग संगठन शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ।

२. संयुक्त राज्य अमेरिकाको एशभिलमा आयोजना भइरहेको दुई दिने जी 20 वित्तमन्त्री र केन्द्रीय बैंक गभर्नरहरूको बैठकलाई वित्तमन्त्री निर्मला सीतारमणले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै हुनुहुन्छ।

३. केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा उच्चस्तरीय समीक्षा बैठकपछि मणिपुर सरकारले जनगणना कार्य स्थगित गर्ने निर्णय गरेको छ।

४. बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभर भोलिदेखि भारतको तीन दिने भ्रमणमा आउँदै हुनुहुन्छ।

५. नेपालमा आएको बाढी र बिहारमा नदीको पानीको स्तर बढ्दै जाँदा, पशु तथा मत्स्य संसाधन विभागले मानिसहरूलाई बाढीको पानीमा समातिएका माछा नखान सल्लाह दिएको छ।

६.

**<u>प्रधानमन्त्री- एस.सी.ओ. बैठक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज किर्गिस्तानको राजधानी बिश्केकमा आयोजना हुने २६औँ सांघाई सहयोग संगठन शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ। यो शिखर सम्मेलन शाङ्घाई सहयोग संगठनको २५औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गर्न लागिएको हो। एससीओ बैठकमा भारत, चीन र रुससहित अन्य १० सदस्य देशहरु सहभागी छन्। किर्गिस्तानको दुईदिने भ्रमणको पहिलो दिन हिजो बिश्केकमा भएको सांघाई सहयोग संगठनको शिखर सम्मेलनको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुस, इरान, किर्गिज गणतन्त्र र आर्मेनियाका नेताहरूसँग द्विपक्षीय भेटवार्ता गरेका छन्। यी भेटमा आपसी हितका विविध पक्ष र विषयमा छलफल भएको थियो।
प्रधानमन्त्री हिजो साँझ बिश्केकमा आयोजना हुने छैठौं विश्व खेलकुदको औपचारिक उद्घाटन समारोहमा अन्य एससीओ सदस्य देशका नेताहरुसँगै सहभागी हुनुभएको थियो।

**<u>भारत – जी 20 बैठक</u>**

संयुक्त राज्य अमेरिकाको एशभिलमा आयोजना भइरहेको दुई दिने जी 20 वित्तमन्त्री र केन्द्रीय बैंक गभर्नरहरूको बैठकको आज अन्तिम दिन हो। वित्तमन्त्री निर्मला सीतारमणले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै हुनुहुन्छ। अमेरिकी जी 20 अध्यक्षतामा आयोजित यो बैठक विश्वव्यापी आर्थिक वृद्धि, वित्तीय स्थिरता, व्यापार, लगानी र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा सुधारमा केन्द्रित छ। अमेरिकी कोषाध्यक्ष स्कट बेसेन्टले बढ्दो विश्वव्यापी ऋणलाई सम्बोधन गर्न बलियो वृद्धि, उच्च लगानी र सुधारिएको उत्पादकत्वको आवश्यकतामा जोड दिनु भएको छ।

भारतले यस बैठकलाई उदीयमान अर्थतन्त्रहरूको आवश्यकतालाई उजागर गर्न र दिगो विकास, व्यापार र लगानीलाई प्रवर्द्धन गर्न प्रयोग गरिरहेको छ। भारतले जी 20 देशहरूसँग आर्थिक सम्बन्ध बलियो बनाउने र उत्पादन, प्रविधि र नवप्रवर्तनको लागि एक प्रमुख केन्द्रको रूपमा आफूलाई स्थापित गर्ने लक्ष्य राखेको छ। बैठकको क्रममा वित्तमन्त्री निर्मला सीतारमणले ब्रिटेनका चान्सलर जोन हेलीसँग व्यापार र लगानी सहयोगको बारेमा छलफल गर्नु भयो। जी 20 नेताहरूको शिखर सम्मेलन यस वर्ष १४ र १५ दिसम्बरमा मियामीमा हुने तय भएको छ।

**मणिपुर - जनगणना**

मणिपुर सरकारले जनगणना कार्य स्थगित गर्ने निर्णय गरेको छ। मणिपुरको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा आयोजित उच्चस्तरीय समीक्षा बैठकपछि यो निर्णय गरिएको हो। यसैबीच, मणिपुर उच्च अदालतले अर्को आदेश नभएसम्म राज्यमा जनगणना कार्य स्थगित राख्न निर्देशन दिएको छ। गृह मन्त्रालयमा आयोजित बैठकमा राष्ट्रिय नागरिक पञ्जीकरण (एनआरसी) कार्यान्वयन नभएसम्म मणिपुरका जनताले जनगणना स्थगित गर्न उठाएको मागको बारेमा विस्तृत छलफल गरिएको थियो। मणिपुरका राज्यपाल अजय कुमार भल्ला, मुख्यमन्त्री युमनम खेमचन्द सिंह, केन्द्रीय गृह सचिव गोविन्द मोहन र अन्य वरिष्ठ अधिकारीहरू बैठकमा उपस्थित थिए।
बैठकपछि मुख्यमन्त्री युमनम खेमचन्द सिंहले जनताको आवाज सुन्ने र मणिपुरका नागरिकहरूको आकांक्षालाई सम्बोधन गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र अन्य केन्द्रीय नेताहरूप्रति आभार व्यक्त गर्नु भयो। उहाँले १४ नागरिक समाज संगठनका नेताहरू र मणिपुरका भाजपा विधायकहरूको प्रतिनिधिमण्डलको प्रयासको पनि प्रशंसा गर्नु भयो जसले हालै नयाँ दिल्लीमा राज्यमा एनआरसी कार्यान्वयनको लागि अभियान चलाएका थिए। मुख्यमन्त्रीले भन्नु भयो, बन्द र आम हडतालले सरकारबाट मागहरू स्वीकार गर्न प्रभावकारी साबित हुनेछैन। उहाँले नागरिक समाज समूहहरूलाई प्रशासनसँग वार्ता कायम राख्न र राज्यको सामाजिक-राजनीतिक चुनौतीहरू समाधान गर्न पूर्ण सहयोग प्रदान गर्न आग्रह गर्नु भयो। यसबाहेक, मुख्य न्यायाधीश एम. मुरलीधरन र न्यायाधीश ए. गुणेश्वर शर्मा सम्मिलित मणिपुर उच्च अदालतको विशेष इजलासले सार्वजनिक हित याचिका र छुट्टै रिट याचिकाको सुनुवाइ गर्दै मणिपुरमा जनगणना सञ्चालन निलम्बन गर्न निर्देशन दियो। यस विषयमा अर्को सुनुवाइ १२ अक्टोबर २०२६ को लागि तय गरिएको छ।

**मल क्षेत्र – स्वच्छता पखवाडा**

रसायन अनि उर्वरक मन्त्री जगत प्रकाश नड्डाले आज दुई हप्ता लामो 'स्वच्छता पखवाडा-२०२६' को उद्घाटन गर्नु हुनेछ। यस अभियानको उद्देश्य एकल-प्रयोग प्लास्टिक हटाउनेबारे जागरूकता जगाउनु र लुगाको झोला र पुन: प्रयोग गर्न मिल्ने बोतलहरूको प्रयोगलाई प्रवर्द्धन गर्नु हो। यो पखवाडा लामो अभियान १५ सेप्टेम्बरसम्म जारी रहनेछ। उर्वरक विभागले राष्ट्रव्यापी अभियानले भौतिक र डिजिटल दुवै कार्यस्थलहरूमा सरसफाइलाई बढावा दिने, पर्यावरण संरक्षणलाई प्रोत्साहन गर्ने र कार्य संस्कृतिमा गुणात्मक सुधार ल्याउने लक्ष्य राखेको बताएको छ। विभागले उल्लेख गरेको छ, यस वर्ष प्रशासनिक दक्षता र पारदर्शिता बढाउने र ई-फाइलिङ प्रणालीलाई अझ बलियो बनाउने उद्देश्यले भौतिक सर सफाइसँगै डिजिटल सर सफाइ र रेकर्ड व्यवस्थापनमा विशेष जोड दिइँदैछ। यस पहल अन्तर्गत विभागको ई-कार्यालय र डिजिटल फाइलिङ प्रणालीहरूलाई सुव्यवस्थित गरिनेछ; यसमा ई-कार्यालय प्रणालीभित्र विचाराधीन ई-फाइलहरूको समीक्षा गर्ने

**नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री**

नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले हिजो मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँग समीक्षा बैठक गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री जोशीले बैठक देशमा हरित वृद्धिलाई तीव्र पार्ने र नवीकरणीय ऊर्जा पहलहरूलाई सुदृढ पार्ने कुरामा केन्द्रित रहेको बताउनु भएको छ| यसमा विशेष गरी उत्तरपूर्वी राज्यहरूमा ध्यान दिइएको छ। बैठकमा प्रमुख रुपमा केन्द्र सरकारका योजनाहरू - जस्तै प्रधानमन्त्री सूर्य घर, पीएम-कुसुम र पीएम जनमनको कार्यान्वयनको पनि समीक्षा गरियो। यी योजना कार्यान्वयनमा चुनौतीहरूलाई सम्बोधन गर्ने र देशको नवीकरणीय ऊर्जा क्षमतालाई पूर्ण रूपमा उपयोग गर्ने उपायहरूमा छलफल गरियो।

**भारत-जर्मनी फोरम**

पर्वावरण र जलवायु परिवर्तनमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्न चौथो भारत-जर्मनी पर्वावरण फोरम आज नयाँ दिल्लीमा आयोजना हुँदैछ। केन्द्रीय पर्वावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादव र जर्मनीका पर्वावरण, प्रकृति संरक्षण, जलवायु संरक्षण तथा परमाणु सुरक्षा मन्त्री कार्स्टेन स्नाइडरले फोरमको सह-अध्यक्षता गर्नु हुनेछ। दुवै पक्षले द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्न, अनुभवहरू साझा गर्न र व्यावहारिक सहकार्यलाई अगाडि बढाउन पर्वावरण संरक्षण र जलवायु नीतिसँग सम्बन्धित प्रमुख मुद्दाहरूमा छलफल गर्नु हुनेछ। फोरमले नीति निर्माताहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, विचारक नेताहरू र अन्य प्रमुख सरोकारवालाहरूबीच पर्वावरण र जलवायु सहयोगमा द्विपक्षीय आदान प्रदानको लागि एक प्लेटफर्म प्रदान गर्नेछ।

**जल शक्ति शिखर सम्मेलन**

जल शक्ति मन्त्रालयले सहकारी संघीयतालाई सुदृढ पार्न, राष्ट्रिय प्राथमिकताहरूको सामूहिक स्वामित्वलाई बढावा दिन र केन्द्र-राज्यको निकट सहकार्यमार्फत परिणामहरूलाई तीव्र बनाउन आज नयाँ दिल्लीमा दुई दिने विभागीय शिखर सम्मेलन आयोजना गर्दैछ। यो शिखर सम्मेलन प्रधानमन्त्री नरेन्द्र मोदीले एक नवीन प्लेटफर्मको रूपमा परिकल्पना गर्नुभएको विभागीय शिखर सम्मेलनको श्रृंखलामा पहिलो हो।

शिखर सम्मेलन चार प्रमुख विषयगत स्तम्भहरूमा केन्द्रित हुनेछ जसमा जल जीवन मिसनको दोस्रो चरण अन्तर्गत पानी पूर्वाधार परियोजनाहरूको समयमै कार्यान्वयन, पानी संरक्षणमा जनसहभागिता, पिउने पानी प्रणालीहरूको लागि स्रोत दिगोपन र ग्रामीण खानेपानी आपूर्ति योजनाहरूको सञ्चालन र मर्मतसम्भार रहेको छ।

**बेल्जियम – प्रधानमन्त्रीको भ्रमण**

बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभर भोलिदेखि भारतको तीन दिने भ्रमणमा आउँदै हुनुहुन्छ। भ्रमणको क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ र द्विपक्षीय सम्बन्धका सबै पक्षहरूका साथै पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नु हुनेछ। प्रधानमन्त्री डे वेभरले भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौतामा केन्द्रित व्यापार कार्यक्रमलाई पनि सम्बोधन गर्नु हुनेछ। उहाँले मुम्बईको भ्रमण गर्नु हुनेछ जहाँ उहाँले हीरा, बन्दरगाह र रसद लगायत क्षेत्रका विभिन्न सरोकारवालाहरूसँग भेट्ने कार्यक्रम छ। विदेश मन्त्रालयले यो भ्रमणले भारत-बेल्जियम साझेदारीलाई अझ सुदृढ पार्ने अवसर प्रदान गर्ने बताएको छ। यसले व्यापार र लगानी, रक्षा र सुरक्षा, प्रविधि, नवीकरणीय ऊर्जा, कनेक्टिभिटी र जनता-जनता सम्बन्ध लगायत पारस्परिक हितका क्षेत्रहरूमा सहयोगलाई बढावा दिनेछ।

**बिहार बाढी**

नेपालमा आएको बाढी र बिहारमा नदीको पानीको स्तर बढ्दै जाँदा, पशु तथा मत्स्य संसाधन विभागले मानिसहरूलाई बाढीको पानीमा समातिएका माछा नखान सल्लाह दिएको छ। विभागका अनुसार बाढीको समयमा माछा सीवेज, जनावरको शव र अन्य प्रदूषकहरूको सम्पर्कमा आउन सक्छ, जसले ब्याक्टेरिया, भाइरस र अन्य रोगजनकहरूबाट संक्रमणको जोखिम बढाउँछ। यस्ता माछा खानु स्वास्थ्यको लागि हानिकारक हुन सक्छ।

विभागले बाढीको पानी कम नभएसम्म र जलस्रोतहरूको अवस्था सामान्य नभएसम्म बाढीको पानीमा समातिएका माछा खानु हुँदैन भनेर स्पष्ट पारेको छ। यसले मानिसहरूलाई असामान्य वा अपरिचित देखिने माछा खानबाट बच्न आग्रह गरेको छ। बाढीको पानीमा समातिएका माछाहरू किन्न, बेच्न वा उपभोग गर्नबाट मानिसहरूलाई टाढा रहन सल्लाह दिइएको छ।